## कपुरकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यलय
## कपुरकोट, सल्यान जिल्ला, कर्णाली प्रदेश




# लैंङ्गिक समनता तथा सामाजिक समाबेशीकरण परीक्षण प्रतिबेदन

## आर्थिक बर्ष २०७९।०८०

**प्रतिबेदक :**
**पार्वता आचार्य**
**इमेल:** parbata722@gmail.com

**बिषयसुची :**


१. पृष्ठभूमि तथा परिचय

२. अध्ययनको महत्व

३. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणको उद्देश्य

४. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणले सममेट्ने बिषय क्षेत्रहरु

५. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणको बिधि र तरिकाहरु

६. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणका सहभागिहरु

७. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणका औजारहरु

८. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

९. लैससास परीक्षणबाट देखिएका लैकि समानता तथा सामाजिक समाबेशीकरणको अवस्था

९.१ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण सुचकहरु लेखाजोखा र अंक प्राप्तीका आधारहरु

९.२ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण नतिजाको माकुरी जालो बिश्लेषण

९.३ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण नतिजाको स्तम्भ चित्रद्धारा बिश्लेषण

१०. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणबाट प्राप्त सवल पक्ष तथा सुधार गर्नुपर्ने पक्ष र अवसर तथा चुनौतीहरु

११. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण बिकास कार्य योजना

१२. निष्कर्ष

१३. सुझाव

१४ अनुसूचिहरु

अनुसूचि १ लैससास परिक्षण कार्यतालिका

अनुसूचि २ लैससास परिक्षणमा सहभागिहरुको हाजिरी बिबरण र कार्यदल पुनर्गठन निर्णय

अनुसूचि ३ गाउँपालिकाबाट निर्माण भएका लैससास संग सम्बन्धीत दस्तावेजहरु

ऋनुसुची ४ लैससास परिक्षण अवधीका तस्वीरहरु

अनुसूचि ५ समूह अभ्यासबाट तयार गरिएको लैससास सुचकहरुको नतिजा चित्रण गरिएको प्रतिलिपि

# लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण प्रतिवेदन
# आर्थिक बर्ष २०७९।०८०

**पृष्ठभूमि :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । उक्त ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा संघिय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । सोही दफाको उपदफा (३) मा स्थानीय तहले आफ्ना योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ । यस प्रकारका नीति तथा कानुनहरुले स्थानीय सरकारलाई लैंगिक समानता र सामाजिक समाबेशीकरणका लागि संबेदनशिल हुन निर्देशित र अभिप्रेरित गरेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण भन्नाले कुनै पनि निकायको लैङ्गिक समानता तथा सामाजिक समाबेशीताको बिद्यमान अवस्था बिश्लेषण वा लेखाजोखा गर्ने कार्यलाई बुझाउँछ । लैससास परिक्षण भनेको सरकारी निकाय वा कुनै पनि संघसंस्थाको निति, योजना तथा कार्यक्रम र बजेट बिनियोन साथै कार्यान्वयनका सबै पक्षहरुमा सबै बर्ग, समुदाय, जातजाती र क्षेत्रका **महिला र पुरुषको सन्तुलित अवसर तथा लाभ सुनिश्चित** गर्ने व्यवहारिक प्रक्रिया हो । लैङ्गिक समानता तथा सामाजिक समबेशीकरण परिक्षणले **महिला र पुरुषको लागि छुट्टा छुट्टै बजेट विनियोजन भए नभएको अवस्थाको मात्र** लेखाजोखा गर्दैन । लैससास परिक्षणले कुनैपनि निकायको नीति तथा कानुन निर्माण प्रक्रिया, लैङ्गिक उत्तरदायी वजेट तथा कार्यक्रम, स्रोत साधन बाँडफाँड र परिचालनमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीता सम्बन्धी संबेदनशिलता अवलम्वन प्रक्रिया र बिद्यमान अभ्यासको लेखाजोखा गर्दछ । लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणले संघ, प्रदेश र स्थानीय तह साथै कुनै पनि सरकारी निकाय वा सामाजिक संघसंस्थाको निति, कानुन र योजना, बजेट बाँडफँड, संस्थागत ब्यबस्था, सेवा प्रबाह, मानव संशाधन बिकास र सुशासनको क्षेत्रमा लैङ्गिक तथा सामाजिक समाबेशी सन्तुलनको अवस्था लेखाजोखा गर्दछ ।

कपुरकोट गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण गर्ने क्रममा नेपालको संविधान २०७२, पन्ध्रौ योजना र राष्ट्रिय कार्य योजना, स्थानीय सरकार संचालन ऐन २०७४ तथा नियमावली, लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यबिधि २०७६ र लैससास परिक्षण दिग्दर्शन २०७८ लगायत गाउँपालिकाले निर्माण गरेका कानुन, नीति तथा कार्यबिधि, आबधिक योजना, बार्षिक योजना तथा बजेट, बार्षिक प्रगति प्रतिबेदन र कार्यपालिकाको निर्णय पुस्तिकाहरुलाई आधार मानिएको छ । त्यसैगरी महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९, दिगो बिकास लक्ष्य २०३०, बेइजिङ कार्यायोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं १३२५ र १८२० लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई गाउँपालिकाले अपनत्व लिई स्थानीयकरण गरे नगरेको बारे लेखाजोखा गरिएको छ ।

सल्यान जिल्लास्थित कपुरकोट गाउँपालिकाको आर्थिक सहयोगमा लैससास बिज्ञको सहजीकरणमा यस गाउँपालिकाको लैससास परिक्षण सम्पन्न गरिएको छ । लैससास परिक्षणले कपुरकोट गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको बिद्यमान अवस्थाको यथार्थ चित्रणका आधारमा सुधार गर्नुपर्ने क्षेत्रहरु पहिँचान गरी सुझावहरु प्रेषित गरिएको छ । लैससास परिक्षण क्रममा पहिँचान गरिएका सुधार गर्नुपर्ने क्षेत्रहरु सम्बोधनका लागि बार्षिक कार्ययोजना निर्माण गर्न सहजीकरण गरिएको छ । कपुरकोट गाउँपालिकाको लैससास परिक्षणबाट तयार भएको यो प्रतिबेदन सबै प्रकारका लिंग, जातजाती, बर्ग, समुदायलाई लैंगिक समानता तथा सामाजिक समाबेशीकरणमार्फत समग्र बिकास प्रक्रियामा मूलप्रबाहीकरण गर्न माशर्गनिर्देश गर्नेगरी सहयोगी दस्ताबेज तयार भएको छ ।

कर्णाली प्रदेशमा रहेको सल्यान जिल्लाको १० वटा स्थानीय तहहरु मध्ये जिल्लाको प्रबेश बिन्दुमा रहेको कपुरकोट गाउँपालिका सदरमुकाम खलंगा देखि ४२ कि.मी दक्षिण र दाङ तुल्सीपुर देखि १९ कि.मी उत्तरको पहाडी भन्ज्याङमा अवस्थित छ । समुन्द्र सतहबाट १५०० मिटर भन्दा माथिको उचाइ सम्म फैलिएको छ । कूल क्षेत्रफल ११९.२१ बर्ग कि.मि छ । कपुरकोट गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला, पश्चिममा त्रिबेणी गा.पा., उत्तरमा छत्रेश्वरी गा.पा. र दक्षिणमा दाङ जिल्लासंग सिमाना जोडीएको छ । गाउँपालिकाको प्रोफाइलमा उल्लेख भएको बि.सं. २०६८ को जनगणना अनुसार कपुरकोट गाउँपालिकाको जनसंख्या १८२०४ जना रहेको छ । कूल जनसंख्या मध्ये महिला ९४८६ जना र पुरुष ८७१८ जना छ । गाउँपालिकाको कूल जनसंख्या मध्ये बालबालिका संख्या ९४९० जना रहेकोमा बालिका संख्या ४८१४ जना र बालक ४६७६ जना रहेको छ । यस गाउँपालिकामा जातजातीगत हिसावले सबैभन्दा बढी क्षेत्री ४२.४ प्रतिशत, क्रमश मगर ३५.६ प्रतिशत, कामी १२ प्रतिशत ब्राह्मण १.२ प्रतिशत भने दमाई, ठकुरी, सन्यासी दशनामी, बादी, थारु, मुस्लीम लगायतका जातजातीहरु न्यून संख्यामा रहेको पाइन्छ । जनगणना २०६८ अनुसार कूल बिबाह मध्ये बाल बिबाह ६८.९८ प्रतिशत रहेको छ जसमध्ये बलिकाको बाल बिबाह ६२.७४ प्रतिशत र बालकको बाल बिबाह ३७.२५ प्रतिशत रहेको पाइन्छ । महिला घरमूलि भएको घरपरिवार संख्या ८४९ रहेको पाइन्छ । यस गा.पा.का बासिन्दाहरु सतप्रतिशत नेपाली भाषा बोल्दछन । तरकारी खेती र फलफूल खेतीको लागि उर्वर भूमि भएको यस जिल्लामा अदुवाको नामले पनि चिनिने यस गाउँपालिकाका बासिन्दाको मुख्य पेशा कृषि रहेको छ ।

**लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको महत्व**

- लैससास परिक्षणले गाउँपालिकाको निति, कानुन, योजना तथा कार्यक्रम र बजेट बाँडफँड लैंगिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिले सन्तुलन भए नभएको पहिँचान गरी सुधारका लागि सुझाव प्रदान गर्दछ ।
- लैससास परिक्षणबाट प्राप्त सुझावहरुको आधारमा तय गरिने बार्षिक कार्ययोजना र कार्यक्रमले गाउँपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण्मैत्री वनाउन सहयोग पुग्दछ ।
- लैससास परीक्षणले गाउँपालिकाको बार्षिक योजना तथा बजेट विनियोजन तथा स्रोतको वांडफांड र परिचालन प्रक्रियालाई लैंगिक उत्तरदायी वनाउन सहयोग गर्दछ ।
- समष्टीमा लैससास परिक्षणले गाउँपालिकामा बसोबास गर्ने सबै प्रकारका वर्ग, लिंग, जातजाती, उमेर समूह, शारिरिक अवस्था र क्षेत्रका मानिसहरुको सशक्तिकरण गरी उनीहरुलाई समग्र बिकासको मूलप्रबाहमा जोड्न सहयोग पऱ्याउछ ।

## लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको उद्देश्य :

**मुख्य उद्देश्य :** लैगिक समानता तथा सामाजिक समाबेशीकरण अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी स्थानीय सरकारले गर्ने सम्पुर्ण बिकास योजना, नीति तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउन आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धीको समतामुलक बितरण र उपयोगी बनाउने ।

**अन्य उद्देश्यहरु :**

क) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण मार्फत स्थानीय तहको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सिमान्तकृत समूहहरुलाई समाबेश गरी लैंगिक समानता र सबै जातजातीको अर्थपुर्ण सहभागिता गराई लैंगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैंगिक मूलप्रबाहीकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख) महिला र सिमान्तकृत समूहहरुलाई समाबेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको बिकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग) स्थानीय तहको सबै कार्यक्रम योजना र आयोजनाहरुको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मुल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

**लैंगिक परिक्षणमा समेटीएका बिषयबस्तुहरु**

लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण परिक्षण दिग्दर्शन २०७८ र लैससास परिक्षण कार्यबिधि २०७६ मा उल्लेख भए अनुसार कपुरकोट गाउँपालिकाको लैससास परिक्षणका ५ वटा मुख्य सुचकहरु अन्तर्गत २२ वटा उपसुचकहरु र १०० वटा सुचकहरुमा आधारीत भई लेखाजोखा गरिएको छ । हरेक मुख्य सुचकको अंक भार २० का दरले ५ वटाको पुर्णङ्क १०० छ भने हरेक सुचककहरुको अंक भार १ राखिएको छ । कार्यबिधिमा ब्यबस्था भए अनुरुप हरेक सुचकमा ब्यबस्था भए अनुरुप पुर्णरुपमा कार्य भएको अवस्थामा अंक १ र आंशिक मात्र कार्य भएकोमा अंक ०.५ र उक्त सुचकमा काम नभएको भएमा ० अंक प्रदान गरिएको छ ।

**मुख्य सुचक र उपसुचकहरु :**

| | |
|---|---|
| नीति, कानुन र योजना | नीति र कानुनमा समाबेशीता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| संस्थागत ब्यबस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | कार्य प्रणाली समाबेशीता |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | बित्त ब्यबस्थापन प्रणालीमा समाबेशीता |
| | तथ्यांक संकलन तथा ब्यबस्थापन |
| मानव शंसाधन तथा क्षमता बिकास | मानव शंसाधन तथा क्षमता बिकास |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना |
| | कानुनी साक्षरता |
| | बिपद ब्यबस्थापनमा समाबेशीता |

| | |
|---|---|
| सेवा प्रबाह | पूर्वाधार बिकास |
| | प्रजनन स्वास्थ्य |
| | शिक्षा कार्यक्रम |
| | खानेपानी तथा सरसफाई |
| | स्वरोजगार तथा आयआर्जन र बजार ब्यबस्थापन |
| सुशासन तथा उत्तरदायित्व | सुशासन |
| | उत्तरदायित्व र जवाफदेहिता |
| | सुचना तथा संचार |
| | अनुगमन तथा मूल्यांकन |
| | समन्वय र सम्बन्ध बिस्तार |

**लैङ्गिक परिक्षण अबधीमा अवलम्वन गरिएका बिधि तथा तरीकाहरु**

कपुरकोट गाउँपालिकाको लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन २०७८ र लैससास परिक्षण कार्यबिधि २०७६ मा उल्लेख भए अनुसार गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण क्रममा ३ वटा चरणहरु अवलम्वन गरिएको छ ।

**क) तयारी चरण :**

- **सम्पर्क समन्वय :**

लैससास परिक्षण तयारी चरणमा कपुरकोट गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखबाट लैससास परिक्षण सहजकर्ता र सम्बन्धीत संस्थासंग समनव्य गरी गाउँपालिकाको बार्षिक कार्यायोजना अनुसार लैससास परिक्षणका लागि सहजकर्ता र स्थानीय तह बिच द्विपक्षिय सहमतिमा सम्झौता गरी कार्यक्रमको मिति र समय ब्यबस्थापन गरिएको थियो । गाउँपालिकाका महिला बालबालिका शाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृत संगको समन्वयमा लैससास परिक्षण कार्यक्रममा उपस्थितिका लागि सम्बन्धित सहभागिहरुको सुनिश्चित गरिएको थियो ।

- **प्रारम्भिक सूचना संकलन**

गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखासँग छलफल गरि लैससास परिक्षण कार्यक्रममा आवश्यक पर्ने सहयोगी दस्तावेजहरु संकलन गरिएको थियो । लैंगिक समानता र सामाजिक समावेशीकरण क्षेत्रमा भए गरेका कार्य प्रगतिहरुका विषयमा जानकारी लिन स्थानीय नीति तथा ऐन संग्रह, बार्षिक योजना तथा बजेट बिनियोजन अभ्यास, आबधीक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षा, विकास बुलेटिन, प्रोफाइल, निर्णय प्रतिलिपि आदि दस्तावेजहरु संकलन गरी अध्ययन गरिएको थियो ।

**(ख) कार्यान्वयन चरण**

- **लैससास परिक्षण कार्यशाला सञ्चालन**

गाउँपालिकासंगको सम्झौतामा तोकिएको मिति र समयमा लैससास परिक्षण सम्पन्न गर्नका लागि २ दिने कार्यशाला सम्पन्न गरी लैससास परिक्षण अवधारणा र बिधि, प्रक्रिया बारे अभिमूखिकरण र लैससास परिक्षण कार्य सम्पन्न गरिएको छ । लैससास परिक्षण समबन्धी २ दिने कार्यशालामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकिय अधिकृत लगायत कार्यपालिका सदस्यहरु र बिषयगत शाखा प्रमुखको सक्रिय सहभागिता रहेको थियो । उक्त कार्यशाला अबधीमा आगामी बर्षमा लैससास परिक्षण कार्यलाई निरन्तरता दिनका लागि गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा लैससास परिक्षण कार्यदल पुनर्गगठन गरिएको छ ।

- लैससास परिक्षण सुचक लेखाजोखा तथा प्रश्नावलीहरुमा अंक प्रदान

लैससास परीक्षण दिग्दर्शन २०७८ र लैससास परिक्षण कार्यबिधि २०७६ अनुरुपका मुख्य सुचकको बिषयगत क्षेत्र अनुसार समूह विभाजन गरि उक्त समूहमा छुट्याइएका प्रश्नावलीहरुमा सामूहिक छलफल गरि स्थानीय तहको बिद्यमान अवस्थाको लेखाजोखाको आधारमा अंक प्रदान गर्न सहजीकरण गरिएको थियो । साथै निर्देशिका अनुसार गा.पा.को बिद्यमान अवस्था अनुसार सहभागिहरुबाट १ वा ०.५ वा ० अंक प्रदान गर्नका लागि आधारको रुपमा सहयोगी प्रमाणहरु के के हुन आवश्यक छ भन्ने विषयमा समेत सहजकर्ताहरुबाट स्पष्ट रुपमा सहजीकरण गरिएको थियो ।

- **सवल पक्ष, सुधार गनुपर्ने पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण**

लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा स्थानीय तहले निर्माण गरेका कानुन तथा नीतिहरु र अवलम्बन गरेका अभ्यासहरुमा सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीहरुका विषयमा समूह छलफल गरि बिश्लेषणका आधारमा यथार्थ चित्रण गरिएको थियो । गाउँपालिकाको लैससास प्रतिको बिद्यमान संबेदनशिलताको बिशलेषण गरी सुधारका उपायहरु पहिँचान गर्न SWOT बिश्लेषणले सहयोग पुगेको छ ।

- **कार्ययोजना तयारी**

गाउँपालिकाको लैससास परिक्षणबाट प्राप्त परिणामका आधारमा सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीका बिषयमा बिश्लेषण गरिएको थियो । सोही आधारमा सवल पक्षहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने पक्षलाई समेट्ने गरि बार्षिक कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनामा गर्नु पर्ने काम, जिम्मेवारी, समय र थप दायित्व आबश्यकताका बारेमा अनुमान गरी अभिलेखिकरण गरिएको छ ।

**(ग) प्रतिवेदन चरण**

लैससास परिक्षण सुचकहरुको लेखाजोखाबाट सहभागीहरुले प्रश्नावलीहरुमा दिएको अंकको आधारमा प्राप्त नतिजालाई तालीका, माकुरी जालो र स्तम्भचित्रद्धारा चित्रण गरिएको छ । त्यसैगरी गाउँपालिकाको SWOT Analysis गरी सवल पक्षलाई निन्तरता दिने प्रतिबद्धता जनाउदै सुधार गर्नुपर्ने पक्षलाई समेट्ने गरी आगामी कार्ययोजना समेत तयार गरीएको छ । २ दिने कार्यशाला गोष्ठीका क्रममा आएको नतिजालाई ड्राफ्ट प्रतिबेदनका रुपमा प्रस्तुत गरिएको थियो । सोही आधारमा समग्र प्रतिबेदन तयार गरिएको छ ।

**लैङ्गिक परिक्षणका सहभागीहरु :**

मिति २०८०।०९।२० र २१ गते कपुरकोट गाउँपालिकामा लैससास परिक्षण कार्य सम्पन्न भएको छ । लैससास परिक्षणका लागि कार्यबिधिमा उल्लेख भए बमोजिम गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत र सबै बिषयगत शाखा प्रमुखहरुको सहभागिता रहेको थियो ।

सहभागिहरुको लैंगिक तथा जातीगत बिबरण निम्न तालीकामा उल्लेख गरिएको छ भने नामावली बिवरण अनुसुची २ मा उल्लेख गरिएको छ।

**लैससास परिक्षण कार्यशालामा सहभागिहरुको लैंगिक तथा जातीगत बिबरण**

| न.पा./गा.पा. | दलित | | जनजाती | | बा.क्षे. | | अन्य | | जम्मा महिला | जम्मा पुरुष | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| कपुरकोट गा.पा. सल्यान | 3 | 2 | 6 | 4 | 10 | 20 | 0 | 0 | 19 | 26 | 45 |

**लैससास परिक्षणका औजारहरु :**

- तालीकाद्धारा अंक प्रस्तुत
- माकुरी जालो बिश्लेषण
- बार डायग्राम तथा स्तम्भ चित्र बिश्लेषण
- सवल पक्ष, सुधार गर्नु गर्ने पक्ष, अवसर र चुनौतीहरु बिश्लेषण (SWOT Analysis)

**लैससास परिक्षणबाट आएका मुख्य प्राप्तीहरु :**

लैससास परिक्षणलाई निरन्तरता दिनका लागि दार्मा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा ५ सदस्सिय एक कार्यदल गठन भएको छ। कार्यदलमा सहभागिहरुको बिबरण निम्नानुसार उल्लेख गरिएको छ :

१) संयोजक : श्री प्रकाश भडारी, गाउँपालिका उपाध्यक्ष

२) सदस्य : श्री भरत ओली, प्रमुख प्रशासकिय अधिकृत

३) सदस्य : श्री प्रदिप खडका , वडा अध्यक्ष वडा नं ३

४) सदस्य : श्री राधीका यरी, कार्यपालिका सदस्य

५) सदस्य सचिव : श्री .हिरा कुमारी ओली, महिला तथा बालबालिका तथा जेष्ठ नागरीक शाखा प्रमुख

- लैससास परिक्षणको नतीजाले लैससास क्षेत्रमा कपुरकोट गाउँपालिकाको बिद्यमान नितिगत ब्यबस्था र वर्तमान अभ्यास तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयन अवस्था बारेमा यथार्थ चित्रण गरेको छ।
- स्थानीय तहको नीति, कानुन, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा लैङ्गिक तथा समाबेशी सहभागीताको लागि स्पष्ट कार्यनिति हुनुपर्ने कुरामा स्थानीय तहको ध्यानाकर्षण भएको छ।
- गाउँपालिकामा स्तनपान कक्षको सामाग्री सहित ब्यबस्थापन र महिला सौचालयमा डस्टवीन र सेनीटरी प्याडको ब्यबस्थापन तत्काल गर्ने प्रतिबद्धता जनाइएको छ।
- कार्यस्थलमा हुनसक्ने यौनजन्य दुरब्यबहार, बिभेद तथा हिंसा बिरुद्ध सुन्य सहनसिलता अवलम्बनका लागि गाउँपालिकाकाले आचार संहिता वा निर्देशिका बनाई लागु गर्ने प्रतिबद्धता जनाएको छ।
- योजना तर्जुमा तथा कार्यान्वयन चरणलाई सहभागितामूलक र समाबेशी बनाउन सकेमा लक्षीत बर्गले प्रत्यक्ष लाभ पाउन सक्ने बिषयमा गाउँपालिकाको ध्यानाकर्षण भएको छ।

लैंससास परिक्षणबाट प्राप्त सुधार गर्नु पर्ने पक्षहरु क्रमश सम्बोधन हुने गरी बार्षिक कार्ययोजना बनाइ लागुगर्ने कुरामा गाउँपालिकाबाट प्रतिबद्धता जनाइएको छ ।

**लैससास परिक्षण बिधिबाट देखिएका लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको अवस्था :**

लैससास परिक्षण दिग्दर्शन २०७८ तथा लैससास परिक्षण कार्यबिधि २०७६ बमोजिम कपुरकोट गाउंपालिकाका जनप्रतिनिधीहरु र बिषयगत शाखा प्रमुखहरुको सहभागितामा ५ वटा मुख्य सुचक तथा २२ वटा उपसुचक अन्तर्गतका १०० वटा प्रश्नहरुमा आधारीत भएर स्वमूल्यांकन गरिएको छ । स्व मुल्यांकन गरी अंक प्रदान गर्ने क्रममा यस गाउँपालिकाले लैससास परिक्षण सुचकमा उल्लेखित बिषयको पुर्णत उपयोग गरेको छ भने अंक १, प्रदान गरेको छ यदि आशिक उपयोग भएकोमा अंक ०.५ प्रदान गरिएको र कुनैपनि काम भएको छैन भने ० अंक दिइएको छ । हरेक सुचकहरुको प्राप्तांकलाई मुख्य सुचकमा संयोजन गरी आएको नतीजालाई तालीका, माकुरी जालो र स्तम्भ चित्रद्धारा प्रस्तुत गरिएको छ । यसरी प्राप्त अंकहरुको आधारमा सम्बन्धीत गाउँपालिकाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु पहिँचान (SWOT Analysis) गरी सुधार गर्नुपर्ने पक्षहरुलाई सम्बोधन हुने गरी कार्ययोजना निमार्ण गरिएको छ ।

**लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण नतिजा बिश्षण :**

**क) लैससास मुख्य सुचक बिश्लेषण तालीका कपुरकोट गाउँपालिका सल्यान**

| **कपुरकोट गा.पा. सल्यानको लैससास परिक्षण मुख्य सुचक बिश्लेषण नतिजा** | | | |
|---|---|---|---|
| **मुल विषय सुचक** | **सुचक नम्वर** | **पुर्णाङ्क** | **प्राप्ताङ्क** |
| नीति कानून योजना | 1.1.1-1.1.8,1.2.1-1.2.8,1.3.1-1.3.4, | 20 | 9.5 |
| संस्थागत ब्यवस्था | 2.1.1-2.1.4, 2.2.1-2.2.4,2.3.1-2.3.4,2.4.1-2.4.4, 2.5.1-2.5.4 | 20 | 9.5 |
| मानव संशाधन तथा क्षमता विकास | 3.1.1-3.1.8, 3.2.1-3.2.4, 3.3.1-3.3.4, 34.1- 3.4.4 | 20 | 7 |
| सेवा प्रवाह | 4.1.1-4.1.4, 4.2.1-4.2.4, 4.3.1-4.3.4,4.4.1-4.4.4, 4.5.1-4.5.4 | 20 | 11.5 |
| सुशासन तथा उत्तरदायित्व | 5.1.1-5.1.4, 5.2.1-5.2.4, 5.3.1-5.3.4, 5.4.1-5.4.4, 5.5.1-5.5.4 | 20 | 9 |
| | **कुल प्राप्तांक** | **100** | 46.5 |

ख) लैससास परिक्षण मुख्य सुचक प्राप्तांकको माकुरी जालो बिश्लेषण कपुरकोट गाउँपालिका




ग) लैससास परिक्षण मुख्य सुचकमा प्राप्तांक स्तम्भ चित्रद्धारा बिश्लेषण कपुरकोट गाउँपालिका



**घ) लैससास परिक्षण उप सुचकमा प्राप्तांक तालीका कपुरकोट गाउँपालिका**

| सि.नं. | सहायक विषय सुचकहरु | कुल अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | निति कानूनमा समाबेशीता र सहभागिता | 8 | 5 |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | 8 | 4 |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | 4 | 0.5 |
| ४ | कर्मचारी तथा पदाधीकारी प्रतिनिधित्व | 4 | 3 |
| ५ | कार्यप्रणालीमा समाबेशी | 4 | 1.5 |
| ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | 4 | 2 |
| ७ | वित्त व्यवस्थापन प्रणालीमा समाबेशी | 4 | 0.5 |
| ८ | तथ्यांक संकलन तथा व्यवस्थापन | 4 | 2.5 |
| ९ | मानव संशानधन तथा क्षमता विकास | 8 | 3.5 |
| १० | अनौपचारिक मूल्य मान्यता र कुशंस्कार विरुद्ध जनचेतना | 4 | 2 |
| ११ | कानूनी साक्षरता | 4 | 0 |
| १२ | विपद व्यवस्थापनमा समाबेशीता | 4 | 1.5 |
| १३ | पुर्वाधार विकास | 4 | 2.5 |
| १४ | प्रजनन् स्वास्थ्य | 4 | 2.5 |
| १५ | शिक्षा कार्यक्रम | 4 | 3 |
| १६ | खानेपानी तथा सरसफाई | 4 | 2 |
| १७ | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | 4 | 1.5 |
| १८ | सुशासन | 4 | 2 |
| १९ | उत्तरदायित्व र जवाफदेहिता | 4 | 2.5 |
| २० | सुचना तथा संचार | 4 | 2.5 |
| २१ | अनुगमन तथा मूल्यांकन | 4 | 1 |
| २२ | समन्वय र सम्बन्ध विस्तार | 4 | 1 |
|  | जम्मा | 100 | **46.5** |

**ङ) लैससास परिक्षण उपसुचकमा प्राप्तांकको माकुरी जालो बिश्लेषण कपुरकोट गाउँपालिका**



### च) लैससास परिक्षण उप सुचकमा प्राप्तांकको स्तम्भ चित्रद्धारा बिश्लेषण कपुरकोट गाउँपालिका




कपुरकोट गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण लेखाजोखा नतिजा अनुसार यस गाउँपालिकाले लैससासको क्षेत्रमा सकारात्मक प्रयासहरु थालनी गरेको देखिए पनि लैंगिक, जातीगत, भौगोलिक, परम्परागत गलत सामाजिक अभ्यासहरुका आधारमा पछाडी पारिएका महिला, लैंगिक तथा योनिक अल्पसंख्यक, दलित जनाजती लगायत सिमान्तकृत बर्ग समुदायलाई समग्र बिकास प्रक्रियामा मूलप्रबाहीकरण गर्नका लागि बिद्यमान कानुन तथा नीतिको पुनरावलोकन गरी नीति तथा कानुन निर्माण प्रक्रियालाई नै लैससासमैत्री बनाउनु पर्ने आबश्यक देखिन्छ । त्यसैगरी योजना तर्जुमा तथा कार्यान्वयनको हरेक चरणमा लैससासको हिसावले समाबेशी सहभागिता सुनिश्चित गरी कार्यान्वयन गर्न सकेमा लक्षीत बर्ग समुदायको आबश्यकता सम्बोधन भई प्रत्यक्ष लाभ पुग्ने देखिन्छ । पालिकास्तरको बिभिन्न समिति उपसमितिमा ३३ प्रतिशत सहभागिता सुनिश्चित भएको पाइन्छ । त्यसैगरी योजना निर्माण क्रममा समुदाय तहमा गठन हुने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिएको र ४० प्रतिशत सहभागिताको अभ्यास शुरु भएको छ । यसको निरन्तरता दिदै ५० प्रतिशतमा बृद्धि गर्नकालागि गाउँपालिकाले नीतिगत ब्यबस्था गरी सुनिश्चित गर्न सकेमा सबै प्रकारका जातजाती, लिंग र पछाडी पारिएका समुदायलाई बिकासको मूल प्रबाहमा ल्याउन सहज हुन्छ ।

लैससास सम्बन्धी संघिय कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता स्थानीयकरणका लागि क्षमता बिकास सम्बन्धी कार्ययोजना बनाई लागु गर्न आबश्यक छ ।

**छ) गाउँपालिकाको कार्यपालिका टिममा लैंगिक तथा सामाजिक समाबेशी अवस्था बारगाफ र पाइचार्टद्धारा चित्रण :**







गाउँ कार्यपालिकामा लैंगिक सहभागिताको अवस्था तुलना गर्दा महिला संख्या ३३ प्रतिशत सुनिश्चित गरिएको पाइन्छ भने स्थानीय तहमा समग्रमा महिला संख्या ४१ प्रतिशतको हाराहारीमा रहे पनि वडा अध्यक्ष, पालिका अध्यक्ष र उपाध्यक्ष जस्तो निर्णय गर्ने स्थानमा भने महिला सहभागिता सुन्य छ । समाबेशी हिसावले कार्यपालिका तथा वडा तहमा दलित र जनजातीको भने सहभागिता रहेको पाइन्छ ।

त्यसै गरी कर्मचारी तहमा लैंगिक बिश्लेषण गर्दा समग्रमा महिला संख्या ३३ प्रतिशत भन्दा माथि रहेको छ भने अधिकृत वा सो भन्दा माथिको तहमा महिला संख्या न्यून रहेपनि अधिकांस बिषयगत शाखा प्रमुखमा महिला कर्मचारीले जिम्मेवारी बहन गरेको पाइन्छ । यसरी हेर्दा जिम्मेवारीका हिसावले कर्मचारी तहमा महिलाहरु पनि निर्णय गर्ने भूमिकामा रहेको पाइन्छ ।

| कपुरकोट गाउँपालिकाको लैंससास सुचक बिश्लेषण तालीका विषयगत क्षेत्र १ नीति, कानून र योजना | | | | | | |
|---|---|---|---|---|---|---|
| **नीति र कानूनमा समावेशीता सहभागीता** | | | | | | |
| **अवस्था** | **राम्रो** | **मध्यम** | **अति कमजोर** | **पुर्ण अंक** | **प्राप्तांक** | **प्रामाणित गर्ने आधारहरु आधारहरु** |
| 1.1.1 | - | 0.5 | - | 1 | 0.5 | ▪ कार्यदल समाबेशी छ , ऐन कानुन बनाउनु पुर्वे समिक्षा बैठकमा लैससास बिषय छलफल भएको प्रतिबेदन वा निर्णय नभएको |
| 1.1.2 | - | 0.5 | - | 1 | 0.5 | ▪ नीति तथा कानुन पारित गर्नु पूर्व छलफल हुने तर लैससासमैत्री भए नभएको बिश्लेषण वा लेखा जोखा नभएको । |
| 1.1.3 | 1 | - | - | 1 | 1 | ▪ आबधिक योजना र बार्षिक नीति तथा कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण समाबेश भएको छ । |
| 1.1.4 | - | 0.5 | - | 1 | 0.5 | लैससास नीति र रणनीति छ तर गत बर्ष लैससास पक्षिण योजना र कार्यक्रम केही नभएको । |
| 1.1.5 | - | 0.5 | - | 1 | 0.5 | स्थानीय तहमा हुने बिभेदजन्य कार्य रोक्न बार्षिक नीति कार्यक्रममा उल्लेख गरेको र केही कार्यक्रम भएको छ छुट्टै स्पष्ट प्राबधान छैन । |
| 1.1.6 | 1 | - | - | 1 | 1 | संघिय काननु अनुसार न्यायिक समिति छ । आबश्यक बजेट विनियोजन भएको छ । उजुरी पेटीका छ । |
| 1.1.7 | 1 | - | - | 1 | 1 | गाउँपालिकाका योजनामा समान ज्याला लागु छ । समुदायमा पनि समान कामका लागि समान ज्याला लागु छ । |
| 1.1.8 | 0 | - | - | 1 | 0 | आप्रबासी तथा रैथाने कामदारका लागि समान ज्याला र बिभेद रोक्ने बारे गा.पा.को छुट्टै स्पष्ट नीति वा प्राबधान नरहेको । |
| **जम्मा** | **3** | **2** | | **8** | **5** | |
| | | | | | | |
| 1.2.1 | - | 0.5 | - | 1 | 0.5 | गाउँपालिकाको बार्षिक योजना तथा बजेटमा एकमुष्ट समग्रमा लक्ष्य तथा उद्देश्य समाबेश गर्ने गरेको छ तर मापन योग्य लक्ष्य, उद्देश्य राखिएको छैन । |
| 1.2.2 | - | 0.5 | - | 1 | 0.5 | पछाडी पारिएको लक्षीत बर्ग समुदायलाई समग्रमा फाइदा हुनेगरी बजेट बिनियोजन भएको तर अवस्था बिश्लेषण गरी निश्चित प्रतिशत छुट्याउने नगरेको । |
| 1.2.3 | - | 0.5 | - | 1 | 0.5 | वडा भेलामा समाबेशी सहभागिता हुन्छ । समाबेशी सहभागिता सुनिश्तिता भए नभएको एकिन गरेको प्रतिबेदन नभएको । |
| 1.2.4 | - | 0.5 | - | 1 | 0.5 | योजना तर्जुमा गर्दा महिला पुरुषको सहभागितामा योजना बनाइन्छ तर ब्यबहारीक र रणनितिक आबश्यकता पहिँचान गरेको अभिलेख छैन । |
| 1.2.5 | - | - | 0 | 1 | 0 | मौंखिक रुपमा छलफल हुन्छ तर लक्षीत बर्ग समुदायको अलग अलग अबस्था बिश्लेषण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गरेको प्रमाण छैन । |
| 1.2.6 | - | 0.5 | - | 1 | 0.5 | दिगो बिकास लक्ष्य हासलि गर्ने भनिएपनि दिगो बिकास लक्ष्य नं.५ किटान गरी स्थानीयकरण गरेको दस्तावेज छैन । |
| 1.2.7 | - | 0.5 | - | 1 | 0.5 | महिला, दलित लगायतका लक्षीत समुदायको लागि नगरसभाबाट एकमुष्टमा बार्षिक योजना र बजेट बिनियोजन गरी प्रत्यक्ष लाभ पुराउन प्रयास गरिएको  एकमुष्टमा योजना छुट्टीने हुदा सबैले लाभ पुगे नपुगेको मापन गरिएको छैन । |
| 1.2.8 | 1 | - | - | 1 | 1 | उपभोक्ता समितिमा ४० प्रतिशत महिला र समाबेशी सहभागिता अभ्यास लागु भएको र मुख्य पदमा १ महिला अनिवार्य लागु छ । |
| **जम्मा** | **1** | **3** | | **8** | **4** | |
| **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | | | | |
| 1.3.1 | - | 0.5 | - | 1 | 0.5 | गरिवी नक्सांकन तथा बेरोजगार तथ्यांक संकलन दस्ताबेज छैन तर उनीहरुका लागि कार्यक्रम र बजेट छ । |
| 1.3.2 | - | - | 0 | 1 | 0 | क्षमता बिकास योजना नभएको र गत बर्ष लैंगिक परिक्षण कार्ययोजना बजेट छुट्टीएको छैन । |
| 1.3.3 | - | - | 0 | 1 | 0 | अनुगमन दस्ताबेजमा कार्यगत सुझाव समाबेश भए नभएको अभिलेख छैन |
| 1.3.4 | - | - | 0 | 1 | 0 | लक्षीत समुदायका लागि निश्चित प्रतिशत बजेट छुट्याएको छैन । समग्रमा एकमुष्ट बिनियोजन भएको छ । |
| **जम्मा** | **-** | **0.5** | **-** | **4** | **0.5** | |
| **विषयगत क्षेत्र २ संस्थागत व्यवस्था** | | | | | | |
| **कर्मचारी पदाधीकारी प्रतिनिधीत्व** | | | | | | |
| 2.1.1 | - | 0.5 | - | 1 | 0.5 | कर्मचारीमा बिषयगत शाखा प्रमुख महिला र  पुरुष बरावर जस्तो छ तर पदाधीकारीमा ३३ प्रतिशत मात्र महिला छन  । |
| 2.1.2 | 1 | - | - | 1 | 1 | करार कर्मचारी भर्ना सम्बन्धी कार्यबिधि छ , स्थानीयलाई प्राथमिकताको व्यबस्था छ गाउँनगर पहरी ऐनमा स्पष्ट खुलाएको छ । करारमा भर्ना गर्ने स्वास्थ्यकर्मी, र शिक्षकमा महिला कर्मचारी संख्या बढी समाबेश गरिएको छ । |
| 2.1.3 | 1 | - | - | 1 | 1 | सबैले खस भाषा बोल्ने भएकोले स्थानीय भाषामा सबै शाखाबाट सेवा तथा सुचना प्रबाह भएको छ । |
| 2.1.4 | - | 0.5 | - | 1 | 0.5 | कर्मचारी र समाबेशी लक्षीत र महिला जनप्रतिनिधीलाई क्षमता बिकास कार्यक्रम भएको तर अग्रभागमा राख्ने बारे कुनै लिखित अभिलेख छैन । |
| **जम्मा** | **2** | **1** | **-** | **4** | **3** | |
| **समावेशी कार्य प्रणाली** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.2.1 | 1 | - | - | 1 | 1 | महिला र पुरुषको असमानता हटाउन र समाबेशीकरण बढाउन छुट्टै लैससास नीति र रणनीति छ । |
| 2.2.2 | - | 0.5 | - | 1 | 0.5 | लैससास इकाई छ। लिखित रुपमा जिम्मेवारी किटान गरिएको छैन । लैससास कार्यान्वयन समिति छैन । |
| 2.2.3 | - | - | 0 | 1 | 0 | कार्यालयमा हुन सक्ने दुरब्यबहार, बिभेद र हिंसा बिरुद्ध आचारसंहिता बनाएको छैन । |
| 2.2.4 | - | - | 0 | 1 | 0 | लैससास कार्यान्वयन समिति गठन नभएको र अन्य कुनै समिति वा कार्यदलबाट योजना तर्जुमा समितिलाई लैससास बिषयमा सुझाव दिने ब्यबस्था नभएको । |
| **जम्मा** | **1** | **0.5** | **-** | **4** | **1.5** | |
| **समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | | | | |
| 2.3.1 | 1 | - | - | 1 | 1 | बिषयगत सबै समितिहरु समाबेशी भएको अभिलेख राखिएको छ । |
| 2.3.2 | 1 | - | - | 1 | 1 | स्वस्थ निर्णय प्रक्रिया लागु छ। आवाज सुनुवाईको अवसर हुन्छ। महिला जनप्रतिनिधिबाट नै स्वस्थ ढंगले आवाज राख्न सकिने भनाइ आएको । |
| 2.3.3 | - | - | 0 | 1 | 0 | उपसमिति र कार्यदलबाट समग्रमा अनुगमन प्रतिबेदन दिने गरिन्छ तर लिखित रुपमा लक्षीत बर्ग समुदायले लाभ पाए नपाएको बिश्लेषण सहित सुझाव दिने गरेको अभिलेख छैन । |
| 2.3.4 | - | - | 0 | 1 | 0 | लैससासा बिषयमा बिश्लेषण तथा प्रभाव मुल्यांकन प्रतिबेदन र सुझाव दिएको कुनै अभिलेख छैन । |
| **जम्मा** | **2** | **-** | **-** | **4** | **2** | |
| **वित्त व्यवस्थापन प्रणालीमा समावेशिता** | | | | | | |
| 2.4.1 | - | - | 0 | 1 | 0 | लैंगिक समानता, सिप बिकास, नेतृत्व बिकासका लागि छुट्टै कोष स्थापना छैन र यसको लागि कार्यबिधि पनि नभएको । |
| 2.4.2 | - | 0.5 | - | 1 | 0.5 | लक्षीत समुदायका लागि बजेटको ब्यबस्था छ तर उनीहरुको आबश्यकता अनुसार पर्याप्त बिनियोजन गर्न सकिएको छैन । |
| 2.4.3 | - | - | 0 | 1 | 0 | लैंगिक बिकास डेस्कमा आबश्यक जनशक्ति र ब्यबस्थापनका लागि बजेट छैन । |
| 2.4.4 | - | - | 0 | 1 | 0 | समाबेशी सुचना प्रणालीको बिकास भएको छैन । |
| **जम्मा** | **-** | **0.5** | **-** | **4** | **0.5** | |
| **तथ्याकं संकलन तथा व्यवस्थापन** | | | | | | |
| 2.5.1 | - | 0.5 | - | 1 | 0.5 | गाउँपालिकाको प्रोफाइल छ। तर खण्डिकृत तथ्यांक सहित अद्यावधीक गरेको छैन । |
| 2.5.2 | - | 0.5 | - | 1 | 0.5 | गरिवीको तथ्यांक छ तर बेरोजगार र गरिवी पहिँचान तथा नक्सांकन गरेको छैन |
| 2.5.3 | - | 0.5 | - | 1 | 0.5 | प्रोफाइल आधार मानेर योजना बनाउने गरेको तर खण्डिकृत तथ्यांक संकलनको आधारमा योजना बनाएको अभिलेख छैन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2.5.4 | 1 | - | - | 1 | 1 | पञ्जिकरण शाखा ब्यबस्थीत छ । |
| **जम्मा** | **1** | **1.5** | | **4** | **2.5** | |
| **विषयगत क्षेत्र ३ मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| **मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| 3.1.1 | - | - | 0 | 1 | 0 | गाउँपालिकाको क्षमता बिकास कार्ययोजना छैन । |
| 3.1.2 | - | 0.5 | - | 1 | 0.5 | कर्मचारी र पदाधीकारीले लैससास बिषय तालीम संचालन भएको छ तर सबैको समाबेशी सहभागिता भए नभएको अनुपात बिश्लेषण गरेको अभिलेख छैन । |
| 3.1.3 | - | 0.5 | - | 1 | 0.5 | लैससासको तालीम बाहेक अन्य तालीममा लैससासको बिषय समाबेश भएको अभिलेख छैन । |
| 3.1.4 | - | 0.5 | - | 1 | 0.5 | जनप्रतिनिधीहरुलाई नेतृत्व क्षमता बिकासका तालीम संचालन भएको छ, लक्षीत समूहका महिलाहरुका लागि भ्रमण कार्यक्रम नभएको । |
| 3.1.5 | - | 0.5 | - | 1 | 0.5 | गाउँपालिकामा लैससास बिषयमा तालीम दिन सक्ने मानव स्रोत छ । तर के कती छ भनी रोस्टर तयार गररी अभिलेख राखिएको छैन । |
| 3.1.6 | - | 0.5 | 0 | 1 | 0.5 | छुट्टै मानव संशाधन बिकास इकाई नभएको तर सो काम प्रसाशन शाखाले गर्ने गरेको छैन । |
| 3.1.7 | 1 | - | | 1 | 1 | लोकसेवा पूर्व तयारी कक्षा संचालन गरिएको छ । |
| 3.1.8 | - | - | 0 | 1 | 0 | बेइजिङ घोषणापत्र बारे तालीम तथा अभिमूखिकरण कार्यक्रम, योजना बजेट छैन । |
| जम्मा | **1** | **2.5** | **-** | **8** | **3.5** | |
| **अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना** | | | | | | |
| 3.2.1 | - | 0.5 | - | 1 | 0.5 | लैंगिक हिंसा बिरुद्ध १६ दिने अभियान र दिवसयि कार्यक्रम संचालन भएको छ , लैंगिक हिंसा बिरुद्ध समुदाय तहसम्म पर्याप्त कार्यक्रम छैन । |
| 3.2.2 | - | - | 0 | 1 | 0 | लैंगिक हिंसा रहित वडा वा गाउँपाीलका घोषणा गरेको छैन । |
| 3.2.3 | 1 | - | - | 1 | 1 | गाउँपालिका स्तरमा मात्र लैंगिक हिंसा न्यूनिकरण सम्बन्धी सचेतना तालीम र लैंगिक हिंसा बिरुद्ध अभियान र दिवसिय कार्यक्रम छन हिंसाको उजुरी घटेको छ । |
| 3.2.4 | - | 0.5 | - | 1 | 0.5 | जातीय बिभेद, असमानता, बाल बिबाह बिरुद्ध केही मात्रमा अभियान कार्यक्रम संचालन भएको ब्यापकता नभएको । |
| **जम्मा** | **1** | **1** | **-** | **4** | **2** | |
| **कानूनी साक्षरता** | | | | | | |
| 3.3.1 | - | - | 0 | 1 | 0 | क्षमता बिकास कार्ययोजना नभएको र सोही अनुरुप तालीम कार्यक्रम नभएको । |
| 3.3.2 | - | - | 0 | 1 | 0 | कर्मचारी र जनपतिनिधीलाई महत्वपुर्ण कानुन र पालिकामा भएका कानुन बारे जानकारी छैन । कानुन मस्यौदा बारे अभिमूखिकरण गरिए पनि अभिलेख नभएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3.3.3 | - | - | 0 | 1 | 0 | महिला कानुनी हक बारे केही तालीम कार्यक्रम संचालन नभएको छ, |
| 3.3.4 | - | - | 0 | 1 | 0 | ऋानुनी हक अधिकार बारे कुनै तालमि वा कानुनी शिक्षा नभएकोले लाभान्वीत हुन नसकेको । |
| **जम्मा** | **-** | **-** | **0** | **4** | **0** | |
| **विपद व्यवस्थापनमा समावेशिता** | | | | | | |
| 3.4.1 | - | - | 0 | 1 | 0 | बिपद ब्यबस्थापन कार्यबिधि स्विकृत गर्दा लक्षीत समूहसंग छुट्टै परामर्श नगरिएको र लक्षीत समूह तथा महिला र पुरुषका लागि अलग अलग संरक्षणको प्राबधान नभएको ।। |
| 3.4.2 | - | 0.5 | - | 1 | 0.5 | खण्डिकृत तथ्यांक संकलन गर्ने गरिएको छैन । राहातका कार्यक्रमहरु पिडित परिवार अनुसार एकमुष्टमा दिने गरेको । |
| 3.4.3 | - | 0.5 | - | 1 | 0.5 | राहात दिने गरेको तर महिला तथा बञ्चित बर्ग समुदायलाई पहिलो प्राथमिकता दिने बिषय किटानी नगरीएको । |
| 3.4.4 | - | 0.5 | - | 1 | 0.5 | बिपद कोष स्थापना केन्द्रको नीति अनुसार हुने हुदा समाबेशी सहभागिता हुदैन तर परिचालन गर्दा समाबेशी निर्णय प्रक्रिया लागु भएको । |
| **जम्मा** | **-** | **1.5** | **-** | **4** | **1.5** | |
| **विषयगत क्षेत्र ४ सेवा प्रवाह** | | | | | | |
| **पुर्वाधार विकास** | | | | | | |
| 4.1.1 | 1 | - | - | 1 | 1 | ड्इङ डिजाइन भएको र सो अनुसार भवन वा संरचना निर्माण लागु भएको । |
| 4.1.2 | - | 0.5 | - | 1 | 0.5 | गाउँपालिकाको भवन लैससासमैत्री छ तर पालिका भित्रका सबै सार्बजनिक निकायमा लैससासमैत्री संारचना निर्माण भएको छैन । |
| 4.1.3 | - | 0.5 | - | 1 | 0.5 | नक्सा पास गर्ने ब्यबस्था भएको तर लैससासमैत्री हुनुपर्ने कुरा किटान नगरिए पनि नक्सा पासको क्रममा अपांगमैत्री, लैंगिकमैत्री अनिबार्य हुनुपर्छ भन्ने गरिएको । |
| 4.1.4 | - | 0.5 | - | 1 | 0.5 | बिपन्न समुदाय लक्षीत गरि बैकल्पिक उर्जा कार्यक्रम नियमित संचालनमा छन् । सुधारीएको चुलो कार्यक्रम छ । |
| **जम्मा** | **1** | **1.5** | **-** | **4** | **2.5** | |
| **प्रजन्न स्वास्थ्य** | | | | | | |
